

# कथा कथन मार्फत सामाजिक मूल्यमान्यताहरु मापन

## आधारभूत (बेसलाइन) प्रतिवेदन

Ministry for Foreign Affairs of Finland

gender at work

the story kitchen a space to amplify herstory

UN WOMEN

# कार्यकारी सारांश

## परिचय तथा उद्देश्य

नेपालमा लैङ्गिक, जात, जातीय, सामाजिक र भौगोलिक असमानता र बहिष्करणले मानव विकासको प्रतिफलमा नकारात्मक असर पुऱ्याउँदै आइरहेको छ। अर्कातर्फ, यहाँको सामाजिक मूल्यमान्यता, व्यवहार र हानिकारक सांस्कृतिक प्रथाहरूको सम्बन्ध लैङ्गिक समानता र महिला सशक्तिकरणसँग निकट रूपमा गाँसिएको छ। लैङ्गिक समतामूलक समाजका लागि सामाजिक मूल्यमान्यताहरू परिवर्तन र सम्बोधन गर्नु युएन वुमन नेपालको देशीय रणनीति र कार्यक्रमको केन्द्रबिन्दु हो। लैङ्गिक समानता र सामाजिक समावेशीकरण युएन वुमन नेपालको साझेदार फिनल्याण्ड सरकारको प्रभाव स्तरको मुख्य लक्ष्य हो।

लैङ्गिकतासम्बन्धी सामाजिक मूल्यमान्यता परिवर्तनमा यही प्रभाव-स्तरको लक्ष्यसहित, युएन वुमन नेपाल र फिनल्याण्ड सरकारबिच जुन २०२१ मा लामो अवधिको प्रभाव अनुगमनमा केन्द्रित पाँच वर्षे अनुसन्धान परियोजनाका लागि साझेदारी शुरु भएको हो। यस अनुसन्धान परियोजनाले देशको रणनीति र अनुकूलन कार्यक्रमलाई सहयोग गर्न सक्ने सामाजिक मूल्यमान्यता परिवर्तनका मार्गहरू बुझ्ने लक्ष्य राखेको छ। यस प्रतिवेदनमा उक्त आधारभूत (बेसलाइन) अनुसन्धानको निष्कर्ष प्रस्तुत गरिएको छ।

## विधि

यस अनुसन्धानले महिलावादी र सहभागितामूलक सामूहिक कथा कथनको विधि अपनाएको थियो। मुख्यतया महिला र किशोरीहरूको सहभागिता रहेको यो कथा कथन विधिमा उनै सहभागीहको कथालाई नै केन्द्रमा राखिएको थियो। नेपालका चार प्रदेशका पाँचवटा जिल्लाबाट एक हजारभन्दा बढी कथा सङ्कलन गरिएका थिए। अनुसन्धान टोलीले युएन वुमन नेपाल र यसका साझेदारहरूले कार्यक्रम सञ्चालन गरिरहेका जिल्लाका वडाहरूलाई नमूनाका रूपमा लिएका थिए। प्रत्येक वडाभित्र, महिला, पुरुष, किशोरी, दलित समूह र अपाङ्गता भएका व्यक्तिहरू लगायत विभिन्न सामाजिक तथा जातीय समूहहरूको अनुभव समेटिने गरी कथा वाचकहरूको नमूना समूह छनोट गरिएको थियो।

कथा वाचकहरूले विगतका पाँच वर्षमा आफ्ना समुदायमा महिला तथा बालिकाहरूका सँग सम्बन्धित परम्परागत प्रथा/प्रचलन, सामाजिक विश्वास र मूल्य मान्यताहरूमा आएका उल्लेखनीय (सकारात्मक वा नकारात्मक) परिवर्तनहरूका बारेमा कथाहरू सुनाएका थिए। त्यसपछि कथा वाचकहरूलाई भावना, व्यवहार र शक्ति सम्बन्धमा आएका परिवर्तनका प्रकारहरूसँग जोडेर उनीहरूका कथालाई आफैले 'संकेत गर्न' आग्रह गरिएको थियो। यसप्रकार, सामाजिक मूल्य मान्यतासँग सम्बन्धित व्यवहारका प्रवृत्ति र ढाँचामा आएको परिवर्तन थाहा पाउनका लागि, सामूहिक कथा कथनको विधिले कथा कथनको व्याख्यात्मक गहिराइलाई एकत्रित तथ्याङ्को शक्तिसँग समिश्रण गरेको थियो।

## खोजका निष्कर्षहरु

हानिकारक सांस्कृतिक प्रथा/प्रचलनहरूको मुख्य विषयहरूमा देहायका निष्कर्ष आएका छन् :

**महिनावारीको समयमा अलग बस्नुपर्ने** - नेपालको केहि ठाँउहरूमा महिनावारीलाई छाउपडी पनि भनिन्छ । यो एक यस्तो हानिकारक सांस्कृतिक प्रचलन हो, जसमा महिनावारीको समयमा महिलालाई 'अछूतो' मानिन्छ र एकान्त झुपडीमा बस्न बाध्य पारिन्छ । अहिले नेपालमा महिनावारीका समयमा अलग्गै राख्नुलाई कानुनी अपराधको रुपमा मानिन्छ । अवैध मानिए तापनि, महिनावारीका समयमा अलग्गै बस्नुपर्ने अभ्यास अझै पनि स्थानीय समुदायहरूमा व्यापक रूपमा प्रचलित सामाजिक मान्यताका रूपमा रहेको कुरा यस अनुसन्धानले देखाएको छ । यो सामाजिक मान्यता परिवर्तन गर्न अत्यधिक कठिन रहेको पाइयो । यो सँग अन्धविश्वासको डर गाँसिएको पाइयो भने, यसलाई केही हदसम्म परम्परागत धामी-झाँक्री र पुजारीहरूले उक्साउने गरेका र परिवारभित्रका अन्तरपुस्ताका सम्बन्धहरू मार्फत पनि अभ्यासलाई निरन्तरता दिने गरिएको पाइयो । कथा वाचकहरूले बताएअनुसार, महिनावारीसम्बन्धी प्रथा/प्रचलनमा केही सकारात्मक परिवर्तनहरू पनि भएका छन् । विशेष गरी जोखिमपूर्ण रूपमा एकान्तमा छाउ गोठ (छाउपडी झुपडी)मा बस्नुपर्ने अभ्यासको साटो घरभित्र नै अलग बस्ने र महिलाहरूलाई महिनावारीको समयमा पौष्टिक दूध र दही खान दिइने जस्ता भौतिक परिवर्तनहरू देखिए । छाउ गोठमा अलग बस्नुपर्दा त्यसले निम्त्याउने स्वास्थ्य जोखिमहरूलाई जोड दिँदै सञ्चालन गरिएका सचेतना तथा तालिम कार्यक्रमहरूले यी व्यवहारजन्य प्रभावहरू ल्याउन भूमिका खेलेका थिए ।

**जातीय भेदभाव** नेपाली समुदायहरूमा व्याप्त रहेको र आन्तरिकीकरण गरिएको एक सामाजिक मान्यता हो । भौतिक, सामाजिक, पूर्वाधारजन्य र पेशागत विभाजन द्वारा सार्वजनिक रूपमै पनि जोडिएको यो सामाजिक मान्यता परिवर्तन गर्न अत्यधिक कठिन छ । जातीय विभेदले दलित महिला तथा किशोरीका लागि आधारभूत कुराहरूमा प्रतिबन्ध लगाउनुका साथै व्यक्तिगत जीवन र अवसरहरूमा असर गर्ने गरी लैङ्गिक विभेद पनि गर्दछ । कथा वाचकहरूले जातीय भेदभावसँग सम्बन्धित आफ्नो अनुभवलाई प्रायजसो एक्लोपन र डरको भावनासँग जोडेका थिए । एक उल्लेखनीय सकारात्मक विकासका रूपमा, दलित समुदायहरूबारे सार्वजनिक छलफल र उनीहरूप्रतिको व्यवहारमा उल्लेखनीय परिवर्तन आएको यस अनुसन्धानले देखाएको छ । दलित समुदायहरूले दैनिक रुपमा हुने गरेको भेदभावपूर्ण व्यवहारको प्रतिकार्य स्वरूप कारबाहीका लागि कदमहरू पनि चालेका छन् भन्ने कुरा यो अनुसन्धानले देखाएको छ । सामान्यतया, निजी स्थानहरूभित्र भेदभावपूर्ण मनोवृत्ति परिवर्तन गर्न कठिन रहेता पनि, युवा पुस्तामा परिवर्तनशील दृष्टिकोण र व्यवहारजन्य सकारात्मक प्रवृत्तिहरू देखा परेका छन् । युवाहरूले जातीय भेदभाव जस्तो पुरानो भइसकेको व्यवहार र अभ्यास परिवर्तनको लागि व्यापक रूपमा इच्छा र व्यग्रता अभिव्यक्त गरेका छन् । विद्यालयमा र साथीभाइमा जातीय मिश्रण र सामाजिकीकरण, शिक्षकको व्यवहार र साथीहरूको घरमा हुने व्यवहार जस्ता कुरा युवाहरूमाझ मनोवृत्ति परिवर्तन गर्ने महत्वपूर्ण कारकको रूपमा देखा परेका छन् ।

**बालविवाह** अनुसन्धान गरिएको सबै जिल्लामा व्याप्त रहेको छ र बालविवाहका घटना बारम्बार हुने गरेको पाइन्छ । सानै उमेरमा विवाह गराइदिँदा छोरीको 'पवित्रता' सुनिश्चित हुन्छ र पारिवारिक इज्जत कायम राख्न सकिन्छ भन्ने मान्यतासँग बालविवाह गहिरो रुपमा जोडिएको छ । गरिब घरपरिवारले आफ्नो आर्थिक बोझ कम गर्न आफ्ना छोरीहरूलाई सानै उमेरमा 'विवाह गरेर पठाइदिनु पर्ने' महसुस गर्ने कारण पनि बालविवाह हुने गरेको अनुसन्धानबाट पाइयो । कथा वाचकहरूले बालविवाहको आफ्नो अनुभवलाई नकारात्मक भावनाहरू सँग व्यापक रूपमा जोडेका छन् र बालविवाहले आफ्नो जीवन नै सजायको रुपमा पाएको अनुभूति जोडेका छन् ।

**किशोरकिशोरी बिचको विवाह र भागेर गरिने विवाह**को नयाँ प्रवृत्तिलाई किशोर किशोरीहरूले समाजबाट छुटकारा पाउने एक उपायका रूपमा हेरेका भए पनि, प्रायः यस्तो विवाहको नतिजाले एक्लोपन, घरेलु हिंसाको जोखिम हुने गरेको पाइयो । आश्चर्यजनक रूपमा अनुसन्धानले के देखाएको छ भने, आफूले बालविवाहको अनुभव गरेका महिलाहरू जो अब आफैं आमा बनेका छन ,उनीहरूले भने आफ्ना छोरीहरू त्यहि अनुभवबाट गुज्रिनु नपरोस् भन्ने सुनिश्चित गर्ने संकल्प गरेका छन् । बालविवाहको अन्तरपुस्ता चक्रलाई रोक्नमा बाह्य कार्यक्रमहरूले खेलेका प्रभावकारी भूमिकालाई पनि कथा कथन मार्फत व्यक्त गरिएको थियो ।

**बोक्सी प्रथाबारे अन्धविश्वास** एक गहिरो जरा गाडेको सामाजिक मूल्यमान्यताको रूपमा देखा पर्‍यो । बोक्सीको आरोप सामान्यतया कथित तल्लो जातका एकल महिलाहरू विरुद्ध लगाइन्छ र यसले सामाजिक शक्ति सम्बन्धलाई पनि प्रतिबिम्बित गर्दछ । यदि स्वास्थ्यमा खराबी वा अप्रत्याशित रुपमा कसैको मृत्यु भएमा सामाजिक रुपमा शक्तिशाली धामी-झाँक्रीहरूले बोक्सीको आरोप लगाउने गरेका कारण यो मूल्यमान्यता कायम रहेको छ । विशेष गरी जातीय विभेद अवैध हो भन्ने ज्ञान सर्वसाधारणमा भए पनि, बोक्सीको आरोप लगाउनु अवैध हो भन्नेबारे स्थानीयहरू अनविज्ञ देखिए । जसकारण, यस सम्बन्धमा कुनै प्रकारको औपचारिक कारबाही पनि नभएको पाइयो । मानसिक स्वास्थ्यसम्बन्धी (प्रायशः 'हिस्टेरिया' भनेर चिनिने) समस्याबाट गुज्रिरहेको किशोरीहरूले बोक्सि आरोपको विशेष गरी बढी सामना गर्नु परेको पाइयो । किनकि सामाजिक रुपमा उनीहरूलाई सजिलैसँग 'बोक्सीको अधीनमा रहेको' भनेर लान्छना लगाउने सम्भावना बढि हुन्छ । केही पृथक उदाहरणहरूमा, कथा वाचकहरूले बोक्सीका आरोपहरू विरुद्ध लड्ने प्रयासमा स्थानीय अधिकारीहरूलाई संलग्न गराएका थिए । यस अनुसन्धानले पत्ता लगाएका अन्य अन्धविश्वासहरू र मानिसमा देखिएको व्यवहार परिवर्तनको मुख्य कारक शिक्षा नै हो भन्ने कुरा युवा कथा वाचकहरूले र सामुदाय स्तरको समीक्षाका कार्यक्रमहरूमा पाइएको थियो ।

**अपाङ्गता भएका व्यक्ति माथी हुने भेदभाव** सबै जिल्लाका समुदायहरूमा व्याप्त छ । अपाङ्गता सम्बन्धी भेदभावका अनुभवबारे कथा वाचकहरूले आफ्ना अनुभवहरूलाई नकारात्मक भावना र देवताहरूले सजाय दिएको वा श्राप पाएको भावनासँग अत्यधिक रूपमा जोडेका थिए । साथै यी हेयभाव र लज्जाबोधले मानसिक र शारीरिक स्वास्थ्यमा पारेका असरहरू निकै गहिरो भएको अभिव्यक्त गरेका थिए । यसका बावजूद, यी मनोवृत्ति र व्यवहारहरूलाई सकारात्मकता प्रवर्द्धन गर्ने कार्य कथा कथनद्वारा अवरुद्ध पार्न सकिन्छ भन्ने कुरा अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो समुदायमा आवाज उठाएका र सक्रिय भएका जल्दाबल्दा कथाहरूले बताउँछन् ।

**घरेलु हिंसा** सबै जिल्लाहरूमा व्याप्त रहेको अभ्यास हो । महिलाहरू विवाहपछि कति कमजोर हुन्छन र कसरी श्रीमान तथा श्रीमानको परिवारका अन्य सदस्यबाट घरेलु हिंसाको जोखिममा हुन्छन भन्ने कुरालाई राम्रोसँग चित्रण गरेको छ । कथा वाचकहरूले आफ्नो जीवनमा घरेलु हिंसाको नकारात्मक र स्थायी प्रभावहरूलाई औंल्याएका थिए । श्रीमानहरूले आफ्नी श्रीमतिलाई दुर्व्यवहार गरेका धेरै कथाहरूको प्रवृत्ति हेर्दा घरेलु हिंसासँग आर्थिक तनाव, बेरोजगारी र रक्सीसेवन लगायतका अन्तरसम्बन्धित कारकहरू जोडिएका देखा परे । महिलाले छोरा नै जन्माउनुपर्ने मान्यता रहनु पनि घरेलु हिंसाको अर्को महत्वपूर्ण कारण थियो । घरेलु हिंसाबाट बाहिर निस्कने सकारात्मक बाटोको उदारणहरू अनुसन्धानका क्रममा निकै कम मात्र देखिए । तथापि, हिंसाबाट मुक्त हुन सफल भएका कथाहरूले हिंसा प्रभावित महिलाहरूको आफ्नै स्वाधिनता र अर्न्तनिहित क्षमताका साथ साथै आफन्त, साथीहरू, जिम्मेवार निकायका पदाधिकारी र साथी सञ्जाल हरूको महत्वपूर्ण भूमिकालाई सङ्केत गरेका थिए ।

**दाइजो प्रथा** एक व्यापक रूपमा प्रचलित र घातक सामाजिक मूल्यमान्यताको रूपमा यस कथा कथन अनुसन्धानमा देखा पर्‍यो । दाइजोले महिला र किशोरीलाई दाइजोको मूल्यसँग तुलना गर्ने र श्रीमानको घरमा

उनीहरूको शक्तिहीनतालाई प्रबल बनाउने हुनाले उनीहरूका लागि दाइजो हानिकारक मानिएको यस अनुसन्धानले पत्ता लगायो । यसका बावजुद पनि कथा वाचकहरू र समुदाय स्तरको समीक्षाका कार्यक्रमहरूको सहभागीहरूमा यो लेनदेनको चक्रलाई तोड्न इच्छुक र तयार भएको पाइएन ।

## सिकाइ र सिफारिसहरू

कथा कथनको यो आधारभूत अनुसन्धान परियोजनाले विविध प्रकारका सामाजिक मूल्यमान्यतामा र महिला तथा बालिकाहरूप्रतिको भेदभावपूर्ण अभ्यासहरूलाई पुष्टि गर्दै, व्यवहारजन्य प्रवृत्तिहरूबारे अन्तर्दृष्टि र विश्लेषण ल्याएको छ । कथा कथनको विश्लेषणले सामाजिक मूल्यमान्यता परिवर्तनका लागि धेरैवटा महत्वपूर्ण 'मार्गचिन्हहरू' पनि संकेत गरेको छ । जसले समुदायमा जरा गाडेर बसेका वा प्रतिरोधी सामाजिक मूल्यमान्यताहरूलाई विरोध गर्छन् र बृहत् समाजमा प्रगतिशील परिवर्तनको संकेत गर्दछन् ।

### चेतनामा परिवर्तन

विभिन्न परिवेशहरूमा कथा कथनको प्रयोग गर्दा, आलोचनात्मक समीक्षा र व्यवहार परिवर्तनका कारक बन्न सक्ने रुपान्तरणमुखी सामाजिक परिचालन कार्यक्रमको महत्वपूर्ण भूमिका रहेको पाइयो । सामाजीकिकरण र विद्यालयमा हुने घुलमिलले समाजमा व्याप्त पूर्वाग्रहहरूलाई चुनौती दिएका छन् । अझै आधारभूत रूपमा भन्नुपर्दा, मनोवृत्ति र व्यवहारमा भएका प्रगतिशील अन्तरपुस्ता रूपान्तरणका प्रवृत्तिहरूलाई कथा कथनले उजागर गरेको छ । युवाहरूले पुरानो भइसकेका सामाजिक मूल्यमान्यताका कुराहरूप्रति आफ्ना निराशा व्यक्त गरेका छन । सामाजिक गतिशीलता र जीवनका अवसर विस्तारका लागि बालिकाहरूको शिक्षालाई सबै सहभागीहरूले निकै महत्वपुर्ण मानेका थिए । साथसाथै, शिक्षालाई आमाहरूले आफ्ना छोराछोरीको सामाजिक गतिशीलताका लागि र आफ्ना छोरीहरूलाई शक्तिहीनताबाट बाहिर निकाल्ने माध्यमको रूपमा लिने प्रवृत्ति पनि व्यापक र क्रमिक रूपमा बढ्दो पाइयो । छोराको शिक्षा र विशेष गरी निजी शिक्षाको पक्षमा छोराको प्राथमिकता एक बलियो कारक बनेको भएपनि महिला कथा वाचकहरूले आफ्ना छोरीको शिक्षा र छोरीका जीवनका लागि वैकल्पिक अवसरहरूप्रति धेरै आशा व्यक्त गरेका थिए ।

इन्टरनेट र सामाजिक सञ्जालको माध्यमबाट जोडिन सकिनु अवसर र जोखिम दुवैको रूपमा देखा पर्यो । सामाजिक सञ्जालले समुदायका लागि प्रतिस्पर्धी मनोवृत्ति, व्यवहार र विश्वव्यापी दृष्टिकोणबारे परिचित हुने अवसर सिर्जना गरेका छन्, जुन जेष्ठ नागरिक वा धार्मिक नेता जस्ता द्वारपालहरूले सावधानीपूर्वक रक्षा गर्दै आएका स्थानीय रूपमा गहिरो जरा गाडेका कुरा भन्दा भन्दा फरक छन् । त्यसका साथसाथै, सामाजिक सञ्जालको बढ्दो प्रयोगले शंकालु श्रीमान र आमाबाबुबाट आलोचनाको जोखिम पनि बढेको छ । यसैबीच, युवाहरूले अनलाइनमा कुराकानी गर्न सक्ने भएकाले, त्यसको परिणामस्वरूप भागेर विवाह गर्दा प्रायजसो दुःखद र वियोगान्त नतिजा पनि आउने गरेका छन् ।

### स्रोतहरूमा पहुँच

विशेष गरी ठूलो संख्यामा हुने आर्थिक प्रवासन मार्फत आउने सामाजिक परिवर्तनले ग्रामीण क्षेत्रका समुदाय र घरपरिवारमा निकै प्रभाव पारेको छ । तर साथसाथै महिलाको आर्थिक सशक्तिकरणका लागि अवसरहरू पनि सिर्जना भएका छन्, जसले सामाजिक मूल्यमान्यता परिवर्तनको संकेत प्रस्तुत गरेको छ । कथाहरूमा उल्लेख गरिएअनुसार र सामुदाय स्तरको समीक्षाका कार्यक्रमहरूमा बताइएअनुसार, महिलाहरूका लागि उपलब्ध

गराइएका स्रोत र कृषि विस्तार सहयोग उनीहरूको आर्थिक सशक्तिकरणमा योगदानकर्ताको रूपमा देखा परेका छन् । यसैबीच, सडक र पानीको धारा लगायत सामुदायिक पूर्वाधारमा गरिएको लगानीले महिलाको लागि समय बचत गरेर बजारमा उनीहरूको पहुँच बढाउँदै आएको छ ।

### औपचारिक कानून तथा नीतिहरू

यस्ता कार्यक्रम मार्फत गरिने सहयोग भन्दा बृहत् र हक-अधिकारमा परिवर्तन ल्याउने नीतिहरू (जस्तै बहिष्करणमा पारिएका थारु समुदायका लागि भूमि अधिकार), निर्दिष्ट समुदायहरूका लागि सशक्तिकरण गर्ने कारकको रूपमा देखिनुका साथै सामाजिक मूल्यमान्यता परिवर्तनको सम्भावना पनि तिनले संकेत गरेका छन् ।

कानूनी परिवर्तनलाई यदि लागू गरियो भने, त्यसले व्यवहारमा परिवर्तन ल्याउन सक्छ । यस कथा कथन अनुसन्धानले देखाएअनुसार, कुनै निर्दिष्ट सामाजिक मूल्यमान्यताप्रति कानूनी प्रतिबन्ध लगाइएमा र दण्डसजायको डर भएमा, त्यसबारे जागरुकता र सम्भावित व्यवहार परिवर्तन हुनसक्ने कुरालाई संकेत गरेको पाइयो । यद्यपि यो कुनै उत्कृष्ट उपाय नभएपनि, समाजमा जरा गाडेका मूल्यमान्यतामा अवरोध ल्याउनका लागि कानूनी मार्ग पक्कै पनि क्रमिक रूपमा बढ्दो प्रयोगमा आउने गरेको महत्वपूर्ण उपाय हो । तथापि, संघीयताको सन्दर्भमा जानीबुझी कानून निर्माण र कार्यान्वयन गर्दा, त्यसबारे महत्वपूर्ण रणनीतिक सोचविचार गरेर मात्र कानूनी परिवर्तनहरू प्रणालीगत रूपमा लागू गर्नुपर्छ ।

## निष्कर्ष

कथा वाचक र उनीहरू जस्तै समुदायका अन्यको दैनिक जीवनलाई प्रभाव पार्ने विविध प्रकारका सामाजिक मूल्यमान्यताहरूबारे यस कथा कथन मार्फत गरिएको आधारभूत अनुसन्धानले धेरैवटा अन्तरदृष्टि र विश्लेषणहरू उजागर गरेका छ । गहिरा कथाहरू र 'महत्व'बारेका दृष्टिकोणलाई परिमाणमा ढालिएका प्रश्नहरूको मिश्रण मार्फत, यस अनुसन्धानले त्यस्ता व्यवहारजन्य प्रवृत्तिहरू सतहमा ल्याएका थिए, जसलाई कथाको अन्तरवस्तुको गहन समीक्षा मार्फत विश्लेषण र व्याख्या गर्न सकिन्छ ।

सम्भवतः, शक्तिशाली रूपमा कथा कथन गर्न पाउनु नै कथा वाचकहरूको आफ्नै जीवनमा रुपान्तरणकारी घटनाको रुपमा देखिएको छ । यस प्रकार, सामूहिक समीक्षा र कार्यलाई केन्द्रमा राखिएको रूपान्तरणकारी कार्यक्रमको अवधारणमा कथाकथन मूल अंशको रुपमा हुनुपर्ने कुरा उत्साहजनक रूपमा पुष्टि भएको छ र फिनल्याण्ड सरकारको आर्थिक सहयोगमा यी जिल्लाहरूमा २०२२ को शुरुवातदेखि नै यी कार्य भइरहेका छन् ।

आगामी चार वर्षमा, यो प्रभाव-स्तर सामाजिक मूल्यमान्यता अनुसन्धानलाई 'मध्यकालीन' (मिडलाइन) को रूपमा दोहोर्याइनेछ र 'अन्तिम' (इन्डलाइन) तथ्याङ्क संग्रह गरिनेछ । भविष्यमा गरिने विधिसम्बन्धी हेरफेरमा, कार्यक्रम प्रबन्धकहरू र नीति निर्माताहरूलाई नेपालभरीका निर्दिष्ट सामाजिक मूल्यमान्यताका प्रवृत्ति र प्रचलनहरूलाई अझ गहिराइमा अनुगमन गर्न र अन्वेषण गर्न सम्भव बनाउने गरी विषयगत रूपमा केन्द्रित अध्ययन समावेश गर्न सकिनेछ ।

UN WOMEN